# शोधप्रबन्धको सारांश

साहित्य लेखनको क्षेत्रमा कविता जेठो विधा मानिएको छ। साहित्यका अन्य विधाहरु (कथा, उपन्यास, नाटक, निबन्ध आदि) गद्यलयात्मक हुन्छन् भने पद्यलयात्मकता कविताको विशेष पहिचान हो। तथापि कविता गद्यात्मक र पद्यात्मक दुवै किसिमका हुन्छन्।

नेपाली साहित्यमा कविता विधाको स्वरुप निर्माणमा प्राकृतिक तत्त्व र मानव जीवनका अनेकौँ अनुभूतजन्य घटकहरु समाविष्ट छन्। नेपाली कविहरुले मानव जीवनका सुख - दुःख, उत्तेजना, भय, प्राकृतिक रहस्य, सौन्दर्यबोध, करुणा, सन्ताप, व्यथा, कौतुहल, प्रेमानुभूतिको अभिव्यक्ति आदि कविता, गीत, सवाई, लहरीका रुपमा व्यक्त गरेका छन्। यसरी प्राकृतिक तत्त्व र मानव जीवनका अनेकौँ अनुभूतजन्य घटकहरुद्धारा निर्माण भएको नेपाली कविताले आधुनिक धरातलमा आइपुग्दा विभिन्न प्रवृत्ति र मोडहरु पार गरेको छ। प्रारम्भमा वीर र भक्तिधारामूलक प्रवृत्तिबाट अघि बढेको नेपाली कवितामा वर्तमानमा स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, आयामेली तथा समसामयिक प्रवृत्तिहरु पाइन्छन्। तथापि भारतीय नेपाली कवितामा जातीय चेतनामूलक स्वरको विशिष्ट स्थान रहेको छ।

काव्य-कविताले मानव जीवनका विविध पक्षहरुलाई सरल, सहज, कोमल, लयात्मक, कलात्मक एवम् रागात्मक रुपमा अभिव्यक्त गर्दछ। जातीय चेतनामूलक कविताको अध्ययनमा 'जाति' केन्द्रीय घटक हो। यसकै परिप्रेक्ष्यमा जातीय चेतनाको अभिव्यक्ति स्पष्ट हुन्छ।

जातीय चेतनामूलक काव्य - कविताहरुको अध्ययनले जातिमा स्वजातीय बोधको चेतना, स्वअस्तित्व र अस्मिताको रक्षा एवम् जातीय श्री र पहिचानप्रति सचेतता र जागरुकता वृद्धि गर्दछ। यस बाहेक जाति विरोधी शक्तिद्धारा स्वजाति र समाज अवहेलित, शोषित, लाञ्छित र पीडित भएको बोध; जातीय उत्पीडन र शोषणको सिकार भएको ज्ञान आदि जातीय चेतनामूलक कविताको आत्मा हो। यसले स्वजातिको जातीय धरोहर र इतिहास बुझेर जातिको विकास, उन्नति र प्रगतिको मार्ग सङ्केत गर्ने र प्रेरणा - बल पनि प्रदान गर्दछ।

जातिलाई एउटा सुस्थिर मानव सम्प्रदाय मानिन्छ। मूल रुपमा स्थानविशेष तथा निश्चित मानव सम्प्रदायलाई जाति भनिने परम्परा रहेको छ। तथापि समाज शास्त्र, मानवविज्ञान, इतिहास, जीववैज्ञान र राजनीतिविज्ञान धारणाअनुसार जात - जातिको अवधारणामा विविधता पाइन्छ। भारतीय नेपाली जातिको परिप्रेक्ष्यमा 'जाति'- को अवधारणा समाजशास्त्र, मानवविज्ञान, जीवविज्ञान एवम् राजनैतिक धारणा भन्दा भिन्नै सन्दर्भमा प्रयुक्त भएको छ। मूलतः कुनै भाषा, धर्म, रीति - रिवाज, वासभूमि समान भएको आधारमा कुनै मानव समूहमा एकताको भावना वा अरुभन्दा भिन्न 'हामी' भन्ने भावना प्रबल भए, त्यसलाई 'जाति' मानिएको छ। भारतीय नेपाली जातिको अवधारणा पनि यसै अर्थमा अडिएको छ। भारतीय नेपालीहरुमा जातीय चेतना जाग्रत हुने मूल तत्त्व नेपाली भाषा हो। यसै तत्त्वले 'हामी ' र 'हाम्रो ' भावना विकास गरेको छ। यसै भावनाले भारतका कुना - कुनामा छरिएर बसेका भारतीय नेपालीमा स्वजातीय चेतना उजागर गर्नमा विशेष भूमिका निर्वाह गरेको बोध हुन्छ।

जातीय चेतनालाई कुनै पनि जातिको पहिचान, अस्तित्व, अस्मिता र समृद्धि रक्षा गर्ने आधार मान्न सकिन्छ। जातीय मूल्य, मान्यता र मानदण्ड एवम् युगबोधसित सम्बन्धित रहने यस चेतनाले जातिको

सर्वाङ्गीण विकास र प्रगतिमा ठुलो सहयोग पुऱ्याउँदछ। जातीय चेतनाले मानवलाई शोषणका विरुद्ध प्रतिवाद गर्ने शक्ति प्रदान गर्दछ। यसले मानवीय गुण जाग्रत गरेर आफ्नो समुदाय एवम् जातिलाई विकाशील मार्गतर्फ अग्रसर गराउँदछ। यो एउटा आत्मिक भावना हो र यसले ऐतिहासिक शक्तिको कार्य गर्दछ।

भारतमा बस्ने भारतीय नेपालीहरूमा जातीय चेतनाको उद्‌बोधन र विकास सन् १९३० - ४० को दशकदेखि भएको मानिन्छ। सन् १९४७ सालमा देश स्वाधीन भएपछि यस भावनाले राष्ट्रिय रूप धारण गरेको बुझिन्छ। भारतका विभिन्न स्थान, क्षेत्र तथा राज्यहरूमा पुस्तौँ देखि स्थायी बासिन्दाका रूपमा बसिआएका भारतीय मूलका नेपाली नागरिक र उनीहरूका सन्तति आदिको भविष्य सुरक्षित छैन। पूर्ण जातीय हक र अधिकार पाउनबाट भारतीय नेपालीहरू वञ्चित छन्। भारतीय नेपालीहरूको वासभूमि भारतको अभिन्न अङ्ग भए तापनि भूमिवासीको नागरिकता, जातीय अस्तित्व, राष्ट्रिय चिन्हारी आदि कुराहरू सदैव विवादकै घेरोभित्र अल्झिएका छन्। राष्ट्रियता र नागरिकता भारतीय हुँदा हुँदै पनि विदेशी र प्रवासीको लाञ्छनाबाट आजसम्म भारतीय नेपालीहरू मुक्त हुन सकेका छैनन्।

उन्नाइसौँ शताब्दीको प्रारम्भसम्म भारतीय नेपालीको हृदयमा आफ्नो जातिको अस्तित्व, अस्मिता र भविष्यको सुरक्षाका निम्ति जातीय चेतनाको भाव उदय भएको पाइन्न। भारतीय नेपाली जाति र समाजमा राजनैतिक, शैक्षिक, आर्थिक, सामाजिक चेतना जाग्रत नहुनु नै त्यसको मूलकारण थियो। यसै शताब्दीको अन्त्यदेखि ब्रिटिसहरूका प्रभावले भारतीय नेपाली समाजमा सचेतना बढेपछि भारतीय नेपाली समाजमा सामाजिक सङ्घ - संस्थाहरूका गठन - स्थापना, नेपाली साहित्यको लेखन - प्रकाशन साथै विभिन्न ठाउँका नेपाली बुद्धिजीवीहरूका सत्प्रयासको प्रभावस्वरूप भारतीय नेपाली जातिमा जातीय चेतना उद्‌भव भएको मानिन्छ। बिसौँ शताब्दीको प्रारम्भदेखि भारतका नेपाली जातिको जातीय स्व, जातीय अस्तित्व र अस्मिताको स्वर जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूमा अभिव्यक्त भएको पाइन्छ।

जातीय चेतनामूलक कविताले निर्दिष्ट जातिको आशा, आकाङ्क्षा, अधिकार, दावी अथवा विद्रोहको स्वर अभिव्यक्त गर्दछ। भारतीय नेपाली कवितामा सन् १९०० देखि सन् १९५० र सन् १९५१ देखि सन् २००० मा अभिव्यक्त भएको जातीय चेतनाको स्वरूप एकनासे छैन। भारतीय नेपाली कवितामा अभिव्यक्त जातीय चेतना मूल रूपमा भारतीय नेपालीहरूको जातीय पहिचान, आत्मसुरक्षा, जातीय अस्मिता र अस्तित्वको सुरक्षाको निम्ति सचेत र सचेष्ट रहेको पाइन्छ।

भारतीय नेपाली कवितामा सन् १९०० पूर्वभन्दा सन् १९०० उत्तर प्रगाढ रूपमा जातीय चेतनाको भावना मुखरित हुन सकेको पाइन्छ। सन् १९०० अघि भारतमा अङ्ग्रेजहरूले आफ्नो आधिपत्य जमाएको हुनाले सम्पूर्ण नेपाली जाति नै उनीहरूको अधीनमा थिए। सन् १९०० देखि सन् १९५० सम्म भारतीय नेपालीहरूमा उदाएको जातीय चेतना देशको सुरक्षा र समृद्धिका निम्ति रहेको अनि सन् १९५१ देखि सन् २००० सम्म भारतीय नेपालीमा उदाएको जातीय चेतना स्वजातिको सुरक्षा, समृद्धि, जातीय अस्तित्व र अस्मिताको रक्षा, जातीय पहिचान र जातीय श्रीलाई जीवन्त राख्नका निम्ति रहेको देखिन्छ।

सन् १९०० देखि सन् १९५० सम्म भारतीय नेपाली कविहरूले उपदेशमूलक, नीतिमूलक, सुधारमूलक तथा जातीय भावनासम्मत चेतनामूलक कविताहरू लेखेर भारतीय नेपालीहरूमा स्वजातीय चेतना जागरण गराए। सन् १९५१ देखि सन् २००० सम्म भारतीय नेपाली कविहरूले जातीय जागरणमूलक, स्वच्छन्दतावादी उन्मुख क्रान्तिकारी - प्रगतिवादी भावमूलक, पीडामय एवम् श्रमजीवी श्रेणीनिष्ठ आत्मगत चेतनामूलक, जातीय चिन्हारी र अस्मिता - भावसम्मत तथा भारतमा छुट्टै बासभूमि (राज्य) प्राप्ति हेतुबद्ध

अधिकारमूलक प्रवृत्तिका कविताहरू रचना गरेका छन्।

भारतमा सन् १९०० देखि सन् १९५० सम्म हाजीरमान राई, ज्ञानदिलदास, बहादुरसिंह बराल, धरणीधर शर्मा कोइराला, हरिप्रसाद शर्मा बास्तोला, महानन्द सापकोटा, मित्रसेन थापा, दुर्गा मल्ल, पुष्पलाल उपाध्याय, सन्तवीर लिम्बू आदि भारतीय नेपाली कविहरूले जातीय चेतनामूलक कविता रचना गरेका छन्। सन् १९५१ देखि सन् २००० सम्म अगमसिंह गिरी, तुलसीबहादुर छेत्री, नरेन्द्रप्रसाद कुमाई, हरिभक्त कटुवाल, मगन 'पथिक', छविलाल उपाध्याय, गोपीनारायण प्रधान, कमल ' वगाले ', युद्धवीर राणा, विकास गोतामे, नव सापकोटा, नरबहादुर दाहाल, प्रेम शेर्पा ' विरोकी ', शान्ति छेत्री, केदार गुरुङ, गिर्मी शेर्पा 'गोपर्मा ', जस योञ्जन 'प्यासी', भविलाल लामिछाने, पवन चामलिङ 'किरण', भीम 'सन्तोष', शोभाकान्ति थेगिम, भूपेन्द्र अधिकारी, नोर्जाङ स्याङदेन, गोपालबहादुर नेपाली, जीवन थिङ, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी आदि भारतीय नेपाली कविहरूबाट विशेष रूपमा जातीय चेतनतामूलक कविता लेखनको प्रवाह परिलक्षित हुन्छ।

भारतीय नेपाली कविहरूले एकातिर आफ्नो कृतिहरूमा जातीय असन्तोष, विद्रोह र आक्रोश तथा अर्कातिर पीडामय अभिव्यञ्जना, दुःख र वेदनाको स्वरद्वारा पनि जातीय चेतना उरालेका छन्। नेपाली जाति भारतको एउटा आदिम, वीर र समृद्ध जाति हो तापनि यो जाति पुस्तौँ देखि आफ्नै देशमा जातीय उत्पीडन र शोषणको शिकार भइरहेको छ , जातीय हक र अधिकार पाउनबाट वञ्चित छ। युद्ध वीर नेपालीहरूले देश र माटाको सुरक्षाहेतु प्राण गुमाउँदा पनि जातिको मूल्य नरहेको देख्दा भारतीय नेपाली कविहरूले जातीय चेतनामूलक कविताहरूका माध्यमबाट आक्रोश, व्यङ्ग्य र विद्रोहको स्वर अभिव्यक्त गरेका छन्।

जातीय चेतनामूलक साहित्यको अध्ययनले निर्दिष्ट जातिमा सहजातीय, स्वअस्तित्व, स्वत्व आदिको चेत जाग्रत गर्दछ। यिनै कुराहरू ध्यानमा राखेर **जातीय चेतनामूलक भारतीय नेपाली कविताको अध्ययन र विश्लेषण** शीर्षक चयन गरी प्रस्तुत शोधकार्य थालिएको हो। जातीय चेतनामूलक भारतीय नेपाली कविताहरूको अध्ययन गर्दा ग्रहण गरिएका विषयहरूलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिन्छ –

१. यस शोधप्रबन्धमा जातीय चेतनामूलक भारतीय नेपाली कविताको अध्ययन गरिएको हुनाले सर्वप्रथम यसको सैद्धान्तिक आधार प्रस्तुत गर्नका निम्ति पूर्वीय र पाश्चात्य विद्वान्हरूको धारणाहरू केलाउने काम गरिएको छ। शोधप्रबन्धको दोस्रो अध्यायमा जात र जातिको अर्थ तथा परिभाषा, जातिको उत्पत्ति र जातिको वर्गीकरण, राष्ट्र , राष्ट्रियता र राष्ट्रवाद, जाति सिद्धान्त वा जातिवादको विकास तथा भारतीय नेपाली समाजमा जाति व्यवस्थाको स्वरूप प्रस्तुत गरिएको छ।

२. शोधप्रबन्धको तेस्रो अध्यायमा कविता साहित्यको सामान्य परिचय प्रस्तुत गर्दै भारतीय नेपाली कविताको विकासक्रममा देखिएका विभिन्न प्रवृत्तिहरूको परिचयात्मक अध्ययन गरिएको छ।

३. चौथो अध्यायमा जातीय चेतनाको परिभाषा एवम् स्वरूप, जातीय चेतना स्फुरणका आधार तत्त्वहरू, जातीय चेतनाको विकास र साहित्यमा यसको प्रभावबारे अध्ययन गरिएको छ। प्रस्तुत अध्यायमा भारतीय नेपाली कवितामा जातीय चेतनाको उद्‌भव र विकासको क्रमलाई सन् १९०० देखि सन् १९५० सम्म र सन् १९५१ देखि सन् २००० सम्म गरी दुई भागमा विभक्त गरी प्रत्येक भागको समीक्षात्मक विश्लेषण गरिएको छ।

४. प्रस्तुत शोधप्रबन्धको पाँचौँ अध्यायमा जातीय चेतनामूलक भारतीय नेपाली कविताको पृष्ठभूमि र परम्पराको चर्चा गरी तिनमा परिलक्षित भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक,

धार्मिक साथै साहित्यिक पृष्ठभूमिको प्रभाव र प्रमेय प्रस्तुत गरिएको छ।

५. प्रस्तुत शोधप्रबन्धको छैटौँ अध्यायमा जातीय चेतनामूलक भारतीय नेपाली प्रतिनिधि कविहरू र उनीहरूका कविता - कृतिको परिचय राखिएको छ।

६. प्रस्तुत शोधकार्यले अँगालेको मूल विषय हो जातीय चेतनामूलक भारतीय नेपाली कविताको अध्ययन र विश्लेषण। शोधकार्यको सैद्धान्तिक ढाँचाद्वारा अँगालिएको सैद्धान्तिक आधारमा केन्द्रित रही यस विषयलाई शोधप्रबन्धको सातौँ अध्यायमा प्रस्तुत गरिएको छ। यस अध्यायलाई मुख्य दुई भाग (सन् १९०० देखि सन् १९५० सम्मका जातीय चेतनामूलक भारतीय नेपाली कविता र सन् १९५१ देखि सन् २००० सम्म) विभक्त गरी विश्लेषणात्मक अध्ययन गरिएको छ। यसै क्रममा सन् १९०० देखि सन् १९५० सम्मका जातीय चेतनामूलक भारतीय नेपाली कवितालाई **समाज सुधारवादी जातीय चेतनामूलक कविता, उपदेशप्रधान जातीय चेतनामूलक कविता, मिश्रित भावनासम्मत जातीय चेतनामूलक कविता** तथा **जागरण उन्मुख जातीय चेतनामूलक कविता** चार उप - भागमा विभक्त गरेर विश्लेषण गरिएको छ भने सन् १९५१ देखि सन् २००० सम्मका जातीय चेतनामूलक भारतीय नेपाली कवितालाई आठवटा उप - भागमा विभक्त गरी विश्लेषण गरिएको छ। ती आठवटा उप - भागहरू हुन् - **स्वच्छन्दतावादी उन्मुख जातीय चेतनामूलक कविता, जातीय अस्तित्वप्रधान क्रान्तिकारी चेतनामूलक कविता, जातीय अस्तित्वप्रधान प्रगतिवादी चेतनामूलक कविता, भावी सुखमय जीवन काम्य जातीय चेतनामूलक कविता, पीडामय भावनाप्रधान जातीय चेतनामूलक कविता, श्रमजीवी श्रेणीनिष्ठ जातीय चेतनामूलक कविता, चिन्हारी र अस्मिता - भावसम्मत जातीय चेतनामूलक कविता** तथा **भारतमा छुट्टै बासभूमि (राज्य) प्राप्तिहेतु चेतनामूलक कविता**।

७. शोधप्रबन्धको आठौँ अध्यायमा शोधप्रबन्धको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ।

८. भारतीय नेपाली साहित्यमा जातीय चेतनामूलक कविताको छुट्टै महत्त्व रहेको छ। बहुजातीय भारतको राष्ट्रिय परिवेशमा यस किसिमको साहित्यिक अध्ययनको सकारात्मक प्रभाव पर्ने आशा गरिन्छ। भारतमा नेपाली जातिका निम्ति वर्तमान समयमा जातीय चेतनामूलक साहित्य युगसापेक्ष र समयसापेक्ष रहेको ठहरिन्छ। जातीय चेतनामूलक कविताको अध्ययनले भारतीय नेपाली जातिमा स्वजातीय चेतना जागृत गराउनमा विशेष टेवा पुऱ्याउने छ भन्ने विश्वास गर्न सकिन्छ।